स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



सुदर्शन थापाको निर्देशन रहने फिल्म 'रावायण'मा अभिनेता पल शाह एक्सन अवतारमा देखिने भएका छन् । सधैं चकलेटी र रोमान्टिक फिल्ममा देखिएका पललाई यो पटक आफूले एक्सन अवतारमा उतार्न लागेको निर्देशक थापाले बताए । फिल्मका लागि पल एक सातादेखि द्वन्द्व निर्देशक श्री श्रेष्ठसँग एक्सन सिकिरहेका छन् । पलको अहिले 'पुजार सार्की' फिल्म रिलिजको तयारीमा छ । २०८१ भाद्र २१ गते तिजको दिन रिलिज मिति तोकिएको फिल्म 'रावायण' वैशाखबाट छायाँनमा जाँदै छ ।

आजको विचार...



लोकतान्त्रिक...
(दुई पेजमा)

प्रा. देवीभक्त ढकाल



कोरियोग्राफरको रुपमा परिचित प्रशान्त तामाङको निर्देशनमा फिल्म 'सारंगा' निर्माण हुने भएको छ । फिल्मको घोषणा गर्दै विषयवस्तु र कलाकारको बारेमा जानकारी गराइयो । बाल मनोविज्ञान, बालअधिकार तथा धनी र गरिब परिवारबीचको खाइलको कथामा बन्न लागेको फिल्ममा अभिनेत्री ऋचा शर्माले मुख्य भूमिकामा अभिनय गर्ने भएकी छन् । त्यस्तै, ऋचाले आफूलाई फिल्मको स्क्रिप्ट मन परेको बताउँदै यसप्रकारको फिल्मले समाजलाई सही दिशामा निर्देश गर्न भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरिन् । यही आइतबारबाट फिल्मको छायांकन सुरु गरिदैछ ।

❐ वर्ष २९ ❐ अंक २५४ ❐ २०८१ वैशाख १ गते शनिबार 13 April 2024, Saturday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

नववर्ष २०८१ सालको सुखद् उपलक्ष्यमा कर्मचारी, पाठकवर्ग, विज्ञापनदाता, शुभचिन्तक तथा सम्पूर्ण नेपालीहरुमा

# हार्दिक मंगलमय शुभकामना

नव जनचेतना

नववर्ष बिदाका कारण हाम्रो अर्को अंक आगामी २०८१ वैशाख ३ गते सोमबार मात्र प्रकाशन हुने सम्पूर्ण पाठक वर्गलाई जानकारी गराउँछौं ।

## संक्षिप्त समाचार

### लुटपाटको प्रतिरोध गर्दा १९ को मृत्यु

**(रासस/एएनआई)**

**कराँची (पाकिस्तान),** चैत ३०/ रमजान २०२४ को समयमा पाकिस्तानको कराँचीमा आपराधिक घटना बढेको । रमजानको समयमा लुटपाटको प्रतिरोधमा १९ जनाको मृत्यु हुनुका साथै ५५ जना घाइते भएको एआरवाई न्यूजले जनाएको छ । लुटपाटको प्रयासमा कराँचीमा १९ नागरिकको मृत्युका लागि सशस्त्र लुटेराहरू जिम्मेवार रहेको एक प्रहरी अधिकारीले बताएका छन् । यस वर्ष कराँचीमा लुटपाटसम्बन्धी घटनामा ५६ जनाको मृत्यु भएको छ भने दुई सयभन्दा बढी घाइते भएका छन् । गत वर्षको समान अवधिमा डकैती विरुद्धको प्रतिरोधमा २५ जनाको मृत्यु भएको थियो भने एक सय १० जना घाइते भएका थिए । सन् २०२३ को समान परिस्थितिमा एक सय आठ जनाको मृत्यु र चार सय ६९ जना घाइते भएको तथ्याङ्क छ । कराँची प्रहरीको यस वर्ष लुटेराहरूसँग चार सय २५ मुठभेड हुँदा ५५ लुटेरा मारिएको र चार सय ३९ घाइते भएका छन् । नागरिक-प्रहरी सम्पर्क समिति (सिपिएलसी) को एक प्रतिवेदनअनुसार सन् २०२४ को पहिलो तीन महिनामा २२ हजार छ सय २७ अपराध दर्ता भएका थिए । यसमा ५९ को मृत्यु र लुटपाटको प्रतिरोधमा सात सय जनालाई चोट लागेको थियो । यसका अतिरिक्त यस अवधिमा तीन सय ७३ कार, १५ हजार नौ सय ६८ मोटरसाइकल र छ हजार एक सय दुई मोबाइल फोन चोरी वा लुटपाट भएको सूचना प्राप्त भएको छ ।

# अम्रिसोले डाँडै हरियाली

## बन्यो आम्दानी राम्रो स्रोत, फेरिएको गाउँको मुहार

**कृष्ण पोखरेल**

**पाल्पा,** चैत ३०/जिल्लाको निस्दी गाउँपालिका-३ काउँलेडाँडा अम्रिसोले हरियाली भएको छ । १४ बर्ष अघि वनमारा झारले कुरुप बनेको डाँडा अहिले अम्रिसोले हराभरा मात्र भएको छैन् गाउँलेको राम्रो आम्दानीको स्रोत समेत बनेको छ । बन मारा, घगालु र काम नलाग्ने बुट्यानले झाडी रहेको यहाँको डाँडा अम्रिसोले सुन्दर बनेसँगै पर्यटकहरुको आकर्षणको केन्द्र बनेको छ । सरकारले विपन्न समुदायको आम्दानीका लागि नांगोमा परिणत हुँदै गएका डाँडा र खाली जग्गा कबुलियती वनका रूपमा समुदायलाई १५ वर्षअघि हस्तान्तरण गरेको थियो । सोही बनलाई समुदायले अहिले आम्दानीको रुपमा उपयोग गरेका छन् । उनीहरुले डाँडैभरी अम्रिसो लगाएका छन् ।


एक दशक अघिसम्म निस्दी झिरुवासका जनताहरुलाई खेतबारीमा उब्जनी भएको अन्नले ३ महिना पनि खान पुग्दैनथ्यो । पैसाको अभावमा बालबालिकाहरुले कापी कलम किन्न समेत सक्दैनथे । कापी कलम नहुँदा बालबच्चा विद्यालय जान जागर गर्दैनथे । घरमा दुई/चार पैसा देख्न पनि मुस्किल थियो । यहाँका नागरिकहरुका यी दुःखदायी क्षणहरु आज अम्रिसोका कारण इतिहास बनेका छन् । २०६६ सालदेखि जिल्ला वन कार्यालय पाल्पाले शुरु गरेको कवुलियती



वन तथा पशु विकास कार्यक्रम अभियानले सिङ्गो गाउँको कायापलट भएको छ । डाँडैभरी अम्रिसो लगाईएको छ । डिभिजन वन कार्यालयले शुरु गरेको कवुलियती वन कार्यक्रमले निस्दीका जनतालाई आर्थिक, सामाजिक, मानसिक रुपमा परिवर्तन गराएको स्थानीयवासी दमन पाटा मगरले बताए । दश/बाह्र बर्ष अगाडि गाउँमा निकै दुःख थियो, जनताले दुई/चार पैसा पनि देख्न पाईदैनथ्ये । गाउँ वरीपरी भएको जंगल वनमाराले भरिएको थियो । कवुलियती वन कार्यक्रममार्फत जनताको जीवनस्तर सुधार गर्ने, दैनिक आयआर्जन बढाउने, वन वातावरण जोगाउने अभियानका साथ शुरु भएको झिरुवास काउलेडाँडा अम्रिसो रोपण कार्यक्रम निकै प्रभावकारी बनेको छ । स्थानीयवासीले वनमा लगाएको अम्रिसोको कुँचो बेचेर प्रत्येक घरपरिवारमा पचाँस हजारदेखि एक लाखसम्म आम्दानी गर्दै आएका छन् । गाउँमै अम्रिसोको फूल प्रति केजी ७० देखि एक सयसम्ममा विक्रि गर्दै आएको स्थानीय भूमिसरा बयम्वुले बताइन् । काउलेडाँडा कवुलियती वनको अम्रिसो खेतीले स्थानीयवासीलाई प्रत्यक्ष रुपमा आयआर्जनमा जोडेको छ भने वातावरण संरक्षण भएको छ । काउलेडाँडा सहित निस्दी गाउँपालिकामा ९ सय घरपरिवार कवुलियती वन कार्यक्रममार्फत आयआर्जनमा जोडिएका छन् । काउलेडाँडाको अम्रिसो बगान हेर्न मात्र हजारौ पर्यटकहरु पुग्ने गरेका छन् । निस्दी गाउँपालिकाबाट मात्र बार्षिक ४ करोडसम्मको अम्रिसोको कुँचो विक्रि हुँदै आएको डिभिजन वन कार्यालय पाल्पाका अधिकृत रामचन्द्र लामाले बताए । हैसियत बिग्रिएको डाँडैडाँडामा बनमाराले ढाकेको थियो । गाउँका सबै मानिस मिलेर बनमारा फाडियो, आगो लगाईयो, ३ बर्षसम्म लगातार अम्रिसोको गाँज लगाइयो । गाउँभरीका परिवारहरुको समूह-समूह बनाएर खेती पाती गर्ने, सामुहिक काम गर्ने, भएको आम्दानी, घाँस दाउरा पनि सामुहिक रुपमा बाडफाँड गर्दै आएको स्थानीय देवीसरा वयम्वुले बताइन् । अहिले सबैको घर-घरमा समेत अम्रिसो खेती बढाएकाले बनको र घरको अम्रिसो एकैचोटी विक्री गर्दै आएको बयम्वुले बताइन् ।

जिल्ला वन कार्यालयले २०६६ सालमा स्थानीयलाई आय आर्जनमा जोड्दै वातावरण संरक्षण गर्ने मुख्य अभियानका साथ काउलेडाँडा कबुलियत वन कार्यक्रम लागु गरेको थियो । वन कार्यालयले काउलेडाँडालाई ४० बर्षसम्म प्रयोग गर्ने गरी स्थानीयवासीले कवुलियत गरिदिएको छ । जिल्ला वन कार्यालयका तत्कालीन वन अधिकृत नारायणदेव भट्टराई सहितको समूह ३ बर्ष सम्म अम्रिसो रोपण, गोडमेल हेरचाहमा खटिएकै कारण नेपालकै नमुना अम्रिसो बगानको रुपमा परिणत भएको हो । अहिले अम्रिसो खेती झिरुवासवासीको लागि प्रमुख नगदे वालीको रुपमा रहेको छ । गरिवीको रेखामुनी रहेका सबै झिरुवासवासीहरुको जीवनस्तर अहिले गरिवीको रेखामाथी उठेको डिभिजन वन कार्यालयका प्रमुख नारायणदेव भट्टराईले बताए । ३ महिनासम्म खान नपुग्ने, गरिबीको रेखामुनी रहेका झिरुवासका बस्तीहरुलाई समेटेर लागु गरिएको कार्यक्रम नेपालमै नमुना भएको छ । २०६७ सालमा २ सय २७ घर परिवारलाई १९ वटा समुहमा विभाजन गरेर २ सय ४५ हेक्टर जमिनमा ११ लाख ४५ हजार अम्रिसोको गाँज रोपण गरिएको थियो । २०७२ देखि वार्षिक रुपमा काउलेडाँडा कवुलियती वनबाट मात्र स्थानीयवासीले ३ देखि ४ करोडको अम्रिसोको फूल विक्री गर्दै आएका छन् । अहिले झिरुवासवासीको प्रमुख आयश्रोत नै अम्रिसो खेती भएको छ । अम्रिसोको फूलको कुचो, पातको घाँस, जराको औषधी तथा अन्य विरुवाको रुपमा विक्री हुने भएकाले यसको खेतीमा स्थानीयहरु समेत उत्साहित भएका छन् । समुदायले संरक्षण गर्न थालेपछि यस्ता कबुलियती वनमा चरिचरन बन्द गरिएको छ ।

## मुख्यमन्त्री महराले पाए विश्वासको मत



**देउखुरी,** चैत ३०/लुम्बिनी प्रदेशका मुख्यमन्त्री जोखबहादुर महराले विश्वासको मत पाएका छन् । शुक्रबार लुम्बिनी प्रदेश सभामा मुख्यमन्त्री महराले प्रस्तुत गरेको विश्वासको मतको प्रस्तावको पक्षमा ४८ मत परेको थियो भने विपक्षमा २८ मत परेको थियो ।

प्रदेशसभामा कायम रहेको ८६ सदस्यमध्ये मुख्यमन्त्री महराले संविधानको १ सय ८८ को उपधारा १ बमोजिम प्रदेशसभामा विश्वासको मतका लागि पेश गरेको प्रस्तावको पक्षमा ४८ सांसदले मत दिएका हुन् । प्रदेशसभामा ३/३ सांसद रहेका राप्रपा र लोसपा भने अनुपस्थित रहे । माओवादी केन्द्रका नेता महरा एमालेका २९, नागरिक उन्मुक्तिका ४, जनता समाजवादी पार्टी (जसपा) ३, एकीकृत समाजवादी १ र स्वतन्त्र सांसद १ गरी ४८ सांसदको समर्थनमा २३ चैतमा मुख्यमन्त्री नियुक्त भएका थिए ।

## बैंकहरूले फेरि घटाए निक्षेपको ब्याजदर




**पाल्पा,** चैत ३०/निक्षेप बढ्दै जाने, तर कर्जाको माग न्यून भएपछि बैंकहरूले निक्षेपको ब्याजदर फेरी घटाएका छन् । १३ वाणिज्य बैंकहरूले चैतको तुलनामा बैशाखदेखि लागू हुने गरी औसतमा ०.२९ प्रतिशत विन्दुले घटाएका हुन् । चैतमा वाणिज्य बैंकहरूले व्यक्तिगत निक्षेपमा औसत ब्याजदर ७.२५ प्रतिशत ब्याज दिएका थिए ।

वैशाखका लागि वाणिज्य बैंकहरूको एक वर्षे व्यक्तिगत मुद्दती निक्षेपको अधिकतम औसत ब्याजदर ६.९६४ प्रतिशत कायम भएको छ । सञ्चालनमा रहेका २० वाणिज्य बैंकहरूमध्ये १३ वटाले चैतको तुलनामा वैशाखमा निक्षेपको ब्याज घटाएको, तीन वटाले बढाएको र चार वटाले स्थिर राखेका छन् । वित्तीय प्रणालीमा पर्याप्त तरलता रहेको, कर्जा माग नबढिरहेको बेला अधिकांश बैंक तथा वित्तीय संस्थाले वैशाखका लागि निक्षेपको ब्याज घटाएका हुन् । ब्याजदर बढाउने बैंकहरुले पनि सीमान्त दरमा मात्र बढाएको देखिन्छ । जसअनुसार चैतको तुलनामा वैशाखमा कृषि विकास, एभरेस्ट र एनएमबी बैंकले मुद्दती निक्षेपको ब्याजदर बढाएका छन् भने नबिल, इन्भेस्टमेन्ट मेगा, प्रभु र स्ट्यान्डर्ड चार्टर्ड बैंकले निक्षेपको ब्याजदर स्थिर राखेका छन् । बाँकी १३ वटा बैंकले चैतको तुलनामा वैशाखमा निक्षेपको ब्याज घटेको हो । वैशाखका लागि वाणिज्य बैंकहरूको एक वर्ष व्यक्तिगत मुद्दती निक्षेपको ब्याजदर न्यूनतम ५.६९१ र अधिकतम ६.९६४ प्रतिशत रहनेछ । यस्तै साधारण निक्षेपको ब्याजदर पनि ११ वटा बैंकले घटाएका छन् भने ९ वटाले स्थिर राखेका छन् । जसअनुसार वैशाखमा वाणिज्य बैंकहरुमा साधारण बचतको औसत ब्याजदर न्यूनतम ३.४५६ र अधिकतम ४.९४६ प्रतिशत कायम हुने छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## नयाँ वर्ष शुभ रहोस् !

हामी आजदेखि २०८१ मा प्रवेश गरेका छौं । विभिन्न भोगाइ र घटनाका अनुभव दिलाएर २०८० सालले हामीबाट बिदा लिएको छ । २०८१ साललाई आपसमा शुभकामना दिँदै स्वागत गरेका छौं । हाम्रो नेपाली पात्रोका आधारमा मात्र नभएर अरू मुलुक र विभिन्न धर्म–सम्प्रदायका आ–आफ्नै समयतालिका अनुसार नयाँ वर्ष मनाउने गरिएको पाइन्छ । नयाँ उमंग, नयाँ संकल्प र नयाँ ऊर्जाले व्यक्तिगत रूपमा, सामाजिक रूपमा र समग्रतामा सुख, शान्ति, स्वास्थ्य र समृद्धिको चाहनालाई अरू व्यवहारिकता प्रदान गर्दै निरन्तरता दिन र यसलाई जीवन्त राख्ने संकल्पको याद दिलाउँछ प्रत्येक नयाँ वर्षले । नयाँ वर्ष शुरु भएको उपलक्ष्यमा आफन्त, साथीभाइ र चिनेजानेकालाई एक–अर्काले सुस्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको कामना गर्ने चलन छ । त्यसै अनुरुप नयाँ वर्षको शुभकामना आदान–प्रदान गरिंदै छ । विश्वका हरेक देशमा पुरानो वर्षको बिदाइ र नव वर्षको आगमनमा स्वागत गर्ने आ–आफ्नो किसिमको कार्यशैली छ । विगतमा घटेका जे–जस्ता घटनाहरु भएपनि त्यसलाई चटक्क बिर्सिई नयाँ जोस र जाँगरलाई अगाडि बढाएर सुखद भविष्यको परिकल्पना गर्नु स्वाभाविकै हो । विगत वर्षहरुभैं २०८० पनि अब इतिहास भइसकेको छ । भूतकालमा भएका कमी–कमजोरी र त्रुटि सम्भिएर चिन्तित हुनुभन्दा इतिहासलाई गुरु ठानेर भविष्यको सम्यक विश्लेषण र दिशा निर्धारण गर्नतिर सचेत रहनु मानवीय धर्म हो, कर्तव्य हो ।

एउटा वर्ष सकिनु भित्तामा पात्रो फेरिनु मात्रै होइन । विगतमा भएका घटना र यसबाट पाठ सिक्दै आगामी सम्भावनाको खोजी पनि नयाँ वर्षले गर्छ । वितेको वर्षमा भएका घटनाबाट व्यक्ति, समाज र राष्ट्रले धेरै शिक्षा लिन सक्छ । आगामी वर्षमा कसरी अघि बढ्ने भन्नेबारे मार्गचित्र बनाउन सक्छ । नयाँ दशकको उत्तरोत्तर खुड्किलो चढ्ने क्रममा हाम्रा पाइला भने सुस्त गतिमा छन् । हर्षोल्लासपूर्ण यस घडी कतिपय निराशाले जकडिएको छ । देशको राजनीतिक, आर्थिक एवं सामाजिक क्षेत्रको परिसूचक ओरालो यात्रामा छ । नयाँ वर्षको नवउत्साहसँगै त्यसलाई हामीले बदल्नुछ । देशलाई दिशा र गति दिनुछ । यस पावन अवसरमा तपाई–हामी सबैमा त्यो सामर्थ्य आर्जन हुन सकोस् । अघिल्लो दशक र वर्षका अनिष्ट एवं अहितकर विषयलाई पन्छाएर भावी दिन सुखद, समृद्ध र स्वस्थ बन्न सकून् । सबैमा नयाँ वर्षको शुभकामना !

## Opinion @ Social Network

जीवनमा सपना झैँ विपना पनि सजिलै टर्ने भए,
सलक्कका हातहरुमा बाङ्गा रेखा हुने थिएनन् होला सायद ।
*(पूजा रसाइलीको फेसबुकबाट https://www.facebook.com//puja.rasali)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# लोकतान्त्रिक शासनमा सुशासनको प्रत्याभूति कसरी ?



**प्रा. देवीभक्त ढकाल**

कहिले कुनै पार्टीसँग कहिले कुनै पार्टीसँग गठबन्धन गरेर सत्ताको चास्नीमा सधैं डुब्न चाहने नेताहरूले मलाई सत्ताको लोभ छैन् भन्दा ताली ठोक्ने र भ्रष्टाचारमा गनाएकाले सुशासन र भ्रष्टाचारविरुद्धको रट लगाउँदा पत्याउने विवेकशून्य लम्पट कार्यकर्ता नै भ्रष्टाचार, कुशासन, अनियमिततालाई प्रोत्साहित गर्ने शक्ति हुन् । नेपालका पार्टीहरूमा कुनै पनि नेतासँग न राजनीतिक सिद्धान्त छ न विकास र समृद्धिको योजना नै । जुन नेतासँग विचार, सिद्धान्त, योजना र दृष्टिकोण छैन तिनीहरूबाट अपेक्षा गर्नु आफैंमा धोका हो । क्रान्ति र आन्दोलनका बखत जनताको गरिबी निवारणका योजना छन् भन्नेहरूले सरकारमा रहँदा भ्रष्टाचार र कुशासनबाहेक नयाँ योजना के पस्के ? एउटा पार्टीसँग गठबन्धन गरेर निर्वाचन जितेको भोलिपल्टै अर्को पार्टीसँग सरकार बनाउने लगनगाँठो कस्न सक्ने, फेरि एक महिनापछि ठबन्धन परिवर्तन गरेर अस्थिरतालाई आफ्नो उपलब्धि र सफलता ठान्ने, इमानदारी, नैतिकतालाई सत्तासँग विनिमय गर्ने, छिनछिनमा रूप, रङ, भाषा बदल्न सक्ने माओवादी, कांग्रेस, एमालेजस्ता सत्ताकेन्द्रीकृत लाज शून्य नेताहरूबाट विकास र स्थिरताको यदि आशा गरेका छौं भने हाम्रो दुर्भाग्य हो । नयाँ पार्टीका रूपमा उदाएको राष्ट्रिय स्वतन्त्र पार्टी पनि सत्तामुखी बन्यो । उसले पनि जनतालाई आशाभन्दा निराशा बाँढ्यो । जति जोगी आए पनि कानै चिरेका भन्ने उखान लागू भयो । सत्ताका लागि जे जसरी, जोसँग, जतिबेला पनि गठजोड, एकता, मेलमिलाप गरेर घाँटी जोड्न पुग्छन् । सिद्धान्त, विचार र निष्ठाको राजनीति गर्नेहरूको नितान्त खडेरी छ । सबै पार्टीका मुखियाहरूले विचार, सिद्धान्त, नैतिकतालाई परित्याग गर्दा राजनीतिक नेतृत्व इतिहासमै अविश्वसनीय र धोखेबाज प्रमाणित भयो । म जीवित रहँदासम्म उथलपुथल भइरन्छ भन्नेहरूबाट स्थिरताको अपेक्षा राख्ने र पार्टीका भरौटे कार्यकर्तालाई न्यायाधीश बनाएर अदालतलाई न्याय सम्पादन गर्ने स्वच्छ संस्थाको रूपमा व्यवस्थित गर्ने योजनाको बखान गर्नेहरूबाट देशमा विकास, समृद्धि र सुशासनको वातावरण बनाउँछुभन्दा पत्याउने, तिनीहरूलाई नै मतदान गर्ने जनता नै देशलाई अधोगतितिर लैजान जिम्मेवार छन् ।

सरकारको मुख्य काम सुशासन, विकास र समृद्धिको खाका कोर्नभन्दा कसरी कोसँग गठबन्धनगर्ने, कोसँग के विषयमा सम्झौता गरेर गठबन्धन टिकाउने, आफ्नै पार्टीका कुन नेता गठबन्धनको विरुद्धमा छ भनेर पत्ता लागाउने र कसरी हुन्छ उसको असन्तुष्टिलाई कम गर्न के दिँदा ऊ खुशी हुन्छ भनेर अहोरात्र लेनदेन, मोलमोलाइको चिन्तन गर्ने गठबन्धनका प्रधानमन्त्री, मन्त्रीहरूबाट देश र जनताको पक्षमा विकास, समृद्धि हुन्छ भन्ने विश्वास नै धोका हो । यिनीहरू भ्रमको खेती गर्दैछन् भनेर जान्दाजान्दै पनि जनता यिनीहरूका विकास, समृद्धि, सामाजिक न्याय र सुशासनको भ्रमात्मक नारामा किन अलमलिन्छन् ? यस्तो भ्रमात्मक चिन्तन र चरित्रले देश र जनताका समस्याको सम्बोधन होइन उनीहरूको पदीय स्वार्थको मात्रै सम्बोधन हुन्छ । कुन मन्त्रालय कुन पार्टीलाई दिने, कुन प्रदेशको मुख्यमन्त्री र प्रदेश मन्त्रीहरू कुन पार्टीलाई कति दिँदा बहुमत पुग्नसक्छ ? कसरी आफ्ना मानिसहरूलाई बढीभन्दा बढी पद र अवसर दिन सकिन्छ, कसरी आफ्ना नातेदार र ठेकेदारहरूलाई ठेक्कापट्टा र व्यापारमा टेबा पुऱ्याउन सकिन्छ, त्यसबाट कति नाजायज फाइदा आउँछ भनेर चिन्तन गर्ने प्रधानमन्त्री, मन्त्री, मुख्यमन्त्रीहरूबाट देशमा विकास, समृद्धि र सुशासन किमार्थ हुँदैन । ती व्यक्तिहरू र पार्टीहरू धोखेबाज हुन् । कसरी आफ्ना धेरैभन्दा धेरै कार्यकर्ताका लागि पद सिर्जना गर्न सकिन्छ भन्ने सोच र दृष्टिकोणबाट बनेका प्रदेश र ती प्रदेश सरकारका नाममा हुने तलब, भत्ता, सवारीसाधन र भौतिक संरचनाहरूको निर्माण खर्चले देशको अर्थतन्त्रको ढन्नसो नै भाँच्चिदासमेत त्यसबारे पुनर्विचार किन हुँदैन ? प्रदेश व्यवस्था ठीक कि बेठीक शीर्षकमा जनमत गर्ने आँट लोकतान्त्रिक शासनमा विश्वास गर्नेहरूले किन गर्दैनन् ? राजनीतिमा विवादहरू स्वाभाविक विषय हुन् । विवादहरूको टालटुले समाधान खोजेर जनतालाई अलमल पारेर शासन गर्ने कि सत्य र तथ्यका आधारमा शासन गर्ने भन्ने निर्क्यौल राजनीति गर्नेहरूले छिनोफानो गर्ने विषय हो । विवादहरूलाई थाती राख्ने, जनतालाई अलमल्याएर शासन गर्ने कि सत्य र तथ्यलाई सार्वजनिक गरेर पारदर्शितालाई आधार मानेर शासन गर्ने ? कथनी र करनीमा जहाँ भिन्नता हुन्छ त्यहाँको शासन संविधानमा लोकतान्त्रिक लेखिए पनि व्यवहारमा त्यो शासक लोकतान्त्रिक हुनसक्दैन । लोकतान्त्रिक शासन भन्न सजिलो छ तर व्यवहारबाट लोकतान्त्रिक पद्धतिलाई अनुवाद गर्ने चरित्र प्रदर्शन गर्न कठिन छ । राजनीतिमा जहाँ व्यक्तिगत र राजनीतिक स्वार्थ हुन्छ त्यहाँ लिखितममा भएको प्रजातान्त्रिक शासनका अक्षर र भावना व्यवहारमा अनुवाद हुनै सक्दैनन् ।

राजनीतिमा व्यक्ति आफ्नो स्वार्थ पूरा गर्ने दृष्टिकोणले प्रवेश गऱ्यो भने ऊ लोकतान्त्रिक शासक बन्न सक्दैन । यदि स्वार्थका साथ प्रवेश गरेको व्यक्तिबाट लोकतान्त्रिक शासनको अपेक्षा गरिन्छ भने त्यो थारो भैंसी दुहुने असम्भव परिकल्पना हो । भ्रष्ट नेताहरूको लोकतान्त्रिक शासनको प्रत्याभूति दिने मिथ्या आश्वासनलाई विश्वास गर्दा देश प्रगतितर्फ होइन दिनानुदिन अधोगतितिर अग्रसर छ । राजनीतिमा भएका विवादहरूलाई जनताको मतले जहाँ अविलम्ब छिनोफानो हुँदैन, त्यहाँ सधैं विवाद रहन्छ नै । ती विवादहरूको समाधान ठूला पार्टीका टाउकेहरूद्वारा स्वार्थका लागि थोपरेको निर्णय जनताले मान्नुपर्ने कि जनताको असन्तुष्टि निवारणको हतियार जनमतसंग्रहलाई अंगीकार गर्ने ? प्रजातन्त्र र लोकतन्त्रको दुहाइ दिनेहरूबाट जनताको आवाजको सुनुवाइ नहुने व्यवस्था कसरी लोकतान्त्रिक हुन्छ ? अहिले प्रदेश सरकारको आवश्यकता र औचित्य छैन् भन्नेतर्क राजनीति शास्त्रीहरू, सामाजिक अगुवाहरू र आमजनताको छ । अर्थतन्त्रको ढन्नसो भाँच्ने काम नै प्रदेश सरकारहरूको व्यवस्था र फजुल खर्चका कारण भएको हो । प्रदेशको व्यवस्था हाम्रो अर्थतन्त्रले धान्न सक्दैन भन्ने आमजनताको तर्कलाई आत्मसात नगर्ने शासन र नेता कुनै हालतमा पनि लोकतान्त्रिक मानिन्नन् । लोकतन्त्रमा जनताका असन्तुष्टिहरूको सुनुवाइ र सम्बोधन जनमतका माध्यमले तत्काल हुन्छ । जनताका आवाज र भावनालाई उपेक्षा गर्ने चरित्र कसरी लोकतान्त्रिक हुन्छ ? सबै विवादहरूलाई जनमतसंग्रहका माध्यमले समाधान गरौं त विवाद आफैं अन्त्य हुन्छ र देशले निकास पाउँछ । अहिलेको जात र लिंगको आधारमा पद वितरण गर्ने समानुपातिक पद्धति वास्तवमा नेताहरूले आफ्ना मानिसलाई पोस्न बनाएका हुन् । समानता यसरी मनोनयनबाट आउने भए राजाहरूले पनि जातका आधारमा नियुक्ति गरेर हीरालाल विश्वकर्मालाई बारम्बार मन्त्री बनाएकै हुन् । एकजना विश्वकर्माहरूबाट मन्त्री हुँदा समग्र विश्वकर्माहरूको हित, उत्थान हुन्छ भन्ने दृष्टिकोण त्रुटिपूर्ण थियो । समानता र न्याय पदको, पैसाको वितरण गरेर किमार्थ हुँदैन । समानता र न्याय साथै अवसरको न्यायोचित वितरण ल्याउने आधार समानुपातिकका नाममा हुने नियुक्तिले ल्याउक्दैन । बरू यसले निराशा, विभेद, असन्तुष्टि र द्वन्द्व बढ्छ ।

समानता र सामाजिक न्याय भाषणले र संविधानका अक्षरहरूले दिँदैनन् । आम नागरिकलाई समानता, सामाजिक न्याय र सुशासनको अनुभूति दिने काम गुणस्तरीय स्वास्थ र गुणस्तरीय शिक्षाको अवसरको समान वितरणले अवश्य दिन्छ । निजी स्कुल र निजी अस्पतालहरू शिक्षा र स्वास्थ्यका अवसरहरूलाई असमान बनाउने सूत्र हुन् । गुणस्तरीय स्वास्थ र गुणस्तरीय शिक्षाको समान वितरणले देशको आर्थिक, सामाजिक, राजनीतिक, औद्योगिक लगायत सबै समस्याको समाधान निस्कन्छ । गुणस्तरीय शिक्षाले अनुसन्धान, आविष्कारको ढोका खोल्छ । परिणामस्वरूप साधनस्रोतको खोज, व्यवस्थापन र समानुपातिक वितरण समेतको सूत्र पत्ता लगाउने र प्रयोग गर्ने जिम्मा शिक्षित जनशक्तिले लिन्छ । इमानदारी, नैतिकता, सदाचार, आर्थिक समानता र सुशासनको बाटो कोर्ने काम गुणस्तरीय शिक्षाले मात्र गर्छ । गुणस्तरीय शिक्षाले असमानता, अन्धविश्वास, भ्रष्टाचार, कुशासन आदिलाई समूल नष्ट गर्छ । परिणामस्वरूप गुणस्तरीय शिक्षाले विकास, समृद्धि र सुशासनको ग्यारेन्टी गर्छ । सत्ता र शक्तिको दुरूपयोग रोक्छ । गुणस्तरीय स्वास्थ्य र गुणस्तरीय शिक्षामा जनताको समान पहुँचको वातावरण बनाउने दिशातिर अग्रसर नभएको राजनीतिले समानता, न्याय र सुशासनका विषलाई उठानसम्म गर्ने हक हुँदैन । गुणस्तरीय शिक्षा र गुणस्तरीय स्वास्थ सेवा आमजनतासम्म पुऱ्याउने लक्ष्य उद्देश्य नभएका सरकारहरूले यदि समानता, सुशासन र सामाजिक न्यायका कुरा गर्छन् भने त्यो जनता ठग्ने सूत्र हो । त्यसैले यदि समानता र न्यायका कुरा गर्नेहरूले स्वास्थ्य र शिक्षाको अवसर सबैलाई समान गुणस्तरको दिने योजनालाई अक्षरस कार्यान्वयन गर्नुपर्छ । जहाँ गुणस्तरीय शिक्षा र स्वास्थ्योपचारका अवसरको पहुँच गरिबसम्म पुग्छ त्यसपछि जातीय विभेद र असमानताको अन्त्य हुन्छ । विकास, समृद्धि र सुशासनको वातावरण स्वत: बन्छ । सामनता, सामाजिक न्याय र सुशासनको पूर्वाधार नै गुणस्तरीय स्वास्थ्य र गुणस्तरीय शिक्षाको समान अवसरको ग्यारेन्टी हो । यो जातीय विभेदको अचुक औषधि पनि हो । स्वस्थ र शिक्षित समाजमा समानताको अन्त्य व्यक्तिले आफ्नो बौद्धिक क्षमताको प्रयोगबाट आफैं गर्छ । समानता सरकारले वितरण गरेर प्राप्त हुने विषय होइन । यो व्यक्तिको योग्यता, क्षमता, लगनशीलता र कार्यकुशलताले ल्याउने हो न कि स्वार्थी र भ्रष्टाचारी नेताहरूको समानता र सामाजिक न्यायको प्रत्याभूति गर्छु भन्ने भाषणले ? हामीले समानुपातिक र जातको नाममा दिने समानता वा आरक्षण भनेको माछा हो भने गुणस्तरीय स्वास्थ्य सुविधा र गुणस्तरीय शिक्षाको पहुँच आमनागरिकमा हुने अवस्था र परिस्थिति भनेको बल्छी हो । जसले माछा दिन्छ उसले एक दुई छाक माछाको मासु खाने अवसर दिन्छ भने बल्छी दियो भने उसलाई माछाको आवश्यकता हुँदा आफैंले बल्छीका माध्यमले सधैं माछा खान पाउँछ । गुणस्तरीय स्वास्थ्य र शिक्षाको व्यवस्थाले सबै नागरिक सक्षम हुन्छन् । प्रत्येक नागरिक सक्षम हुनु भनेको प्रतिस्पर्धाका आधारमा अवसरहरूमा पहुँच पुग्ने अवस्था हो । यस्तो परिस्थितिमा विकास, समृद्धि र सुशासनको प्रत्याभूति गर्न सरकार सफल हुन्छ । अबको हाम्रो प्रथम प्राथमिकता गुणस्तरीय स्वास्थ्य र गुणस्तरीय शिक्षाको समान पहुँचबाट सबै समस्याको समाधान खोज्यौं भने त्यो नै दिगो समाधान हुनेछ न कि सामाजिक न्याय, समानता, समृद्धि, विकास र सुशासनका तथाकथित भाषण । समानता, विकास, समृद्धि र सुशासनको आधार गरिब र धनी सबैलाई समान र गुणस्तरीय स्वास्थ र शिक्षाको अवसर हो न कि नेताहरूका बकमफुसे भाषणबाट प्रत्याभूति हुने विषय ।

***-इहिमालय टाइम्स डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : भाग्यशाली दिन देखा पर्नेछ । आफ्नो क्षेत्रमा प्रभूत्व जमाउन सकिनेछ । | **तुला** : धार्मिक कार्यमा रुचि बढ्नेछ । मनमा हर्ष, उमङ्ग छाउला । |
| **वृष** : शुभकार्यको चर्चा चल्नेछ । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ । | **वृश्चिक** : छोटो दुरीको लाभदायक यात्रा हुनेछ । मान सम्मान मिल्नेछ । |
| **मिथुन** : शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ । धार्मिक यात्राको योगछ । | **धनु** : मित्रताको बन्धन कसिने बेला छ । मुद्दा मामिलामा सफलता मिल्नेछ । |
| **कर्कट** : कुलतमा मन जानेछ । झै–झमेलाको अवस्था पनि आउला । | **मकर** : विद्या र बुद्धिको विकास हुनेछ । सजिलै अरुको विश्वास जित्न सकिनेछ । |
| **सिंह** : अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ । ताकेको कार्य पुरा हुनेछ । | **कुम्भ** : उमङ्ग र उत्साह छाउला । विभिन्न अवसर जुराउनेछ । |
| **कन्या** : प्रणय सम्बन्ध र रतिराग बढाउने समय छ । लाभदायक यात्रापनि हुनसक्छ । | **मीन** : घरायसी विवाद बढ्नेछ । चोटपटक पनि लाग्न सक्छ । |

# साहित्य दर्पण

कथा ● डा. बच्चु कैलाश कैनी

## बुढो सर र नम्रता म्याडम

'आज बुढोको पारा हेर्न लायक हुन्छ होला है ?' उसले भन्यो । 'किन ?' सँगै बसेकी केटीले सोधी । 'हिजो क्लासमा जम्मा चार जना नआउँदा बुढो कति पड्केको थियो । आज भने हाम्रो क्लासका झन्डै आधा जस्तो महाजात्रा फिल्म हेर्न गएका छन् । हाम्रो क्लास उसलाई रित्तो लाग्छ आज । नभरिएको क्लासलाई बुढोले आफ्नो अपमान सम्झन्छ र अनि पड्कन थाल्छ बुढो । बुढो भए पछि रिस पनि बढी नै उठ्छ होला है ? मलाई त्यस्तै लाग्यो ।' केटाले भन्यो । 'बुढोको बानी नै त्यस्तो ! किन मतलब राख्नु पर्‍यो ? खुरुखुरु आउनु, पढाउनु, तलब पकाउनु, अनि घर जानु । बुढोलाई नो टेन्सन, हामीलाई झन् मस्ती । क्लासमा आए पनि नआए पनि जाँचमा राम्रो नम्बर ल्याए भएन ? म बुढोको ठाउँमा भएको भए त्यस्तै गर्थें ।' केटीले थपी । 'तेरो विचार राम्रो छ । तँ यो उपाय बताइदे बुढोलाई । तेरो सुझाव मान्छ कि बुढोले ?' केटाले हाँस्दै सुझाव दियो । 'के कुरा गरेको तैंले ? आफ्नै बुढीको कुरा त मान्दैन जस्तो छ बुढो । आफ्नै तालको छ बुढो । हेर्दा पनि, बोल्दा पनि घमन्डी देखिन्छ । मलाई मात्रै हैन बुढोले कसैलाई टेर्दैन । पढाउँदा पढाउँदा कपाल सबै सेतै फुलिसके । बुढो हजुरबा जस्तै देखिन्छ ।' केटीले आफ्नो मत राखी । 'बिचरा बुढोलाई पनि प्रिन्सिपलले थर्काउँछ होला । के गरोस् बुढो ! झोले जागिर बचाउन कम्ती गारो छ बुढोलाई । आजकल काला गए, गोरा आउँछन् । गोरा गए, काला आउँछन् । बजारमा छ्यापछ्याप्ती झोलेहरू जागिरको खोजीमा छन् ।' केटाले बुढोको बाध्यता बतायो । केटीले भनी, 'झोले भए पनि बुढो यो कलेजको स्थायी जस्तै हो । मैले सुनेको, यो कलेज शुरु भएदेखि काम गर्दै छ । सबै भन्दा पुरानो हो रे । राम्रो पढाउँछ भन्छन् सबैले । त्यसैले कलेजको प्रिन्सिपल देखि सबैले बुढोलाई मान्ने रहेछन् । सबैभन्दा पछि आउने त नम्रता म्याडम रे ।' नम्रता म्याडमको कुरा निकाल्ने बित्तिकै केटाले एकाएक खुसी भाव प्रकट गर्‍यो र नम्रताको वर्णन गर्न थाल्यो । 'जहिलेदेखि यहाँ आए पनि मान्छे भने चवाँक छे यार त्यो म्याडम । सुमधुर बोली, राम्रो पढाउने शैली, मिलेको कोकाकोला फिगर, हेर्दा पनि हेरिरहूँ जस्तै अनुहार, जीउमा फिट हुने पहिरन, के छैन त्यो म्याडमसँग । लामो कालो कपाल, मिलेका दाँतहरू, त्यस्तै उसको त्यो ओठ सबै मिलेका छन् । उसले पढाउने विषय बुझे पनि नबुझे पनि त्यो क्लास कहिले पनि बोर हुँदैन यार । ऊ क्लासमा पसेदेखि ननिस्के सम्म म मात्रै हैन, सबै केटाहरू मोहित हुन्छन् । जे हेर्‍यो त्यही राम्रो छ त्यसको । त्यो चवाँक छे चवाँक !'

केटाको कुरा सुनेपछि केटी किन चुप बस्थी । उसले पनि भनी, 'तिमीहरूलाई राम्रा केटी देख्न हुन्छ ? म्याडम होस् कि सँगै पढेकी साथी, सीनियर होस् कि जुनियर । सबैतिर आँखा लगाउन खप्पिस हुन्छन् आजकलका केटाहरू । नम्रता म्याडमको क्लासमा सबै किन चुपचाप बस्छन् भनेर सोचेको थिएँ, यस्तो पो रहेछ कारण । बल्ल आज थाहा पाएँ । मात्तिएका मोराहरू ।' 'तैंले ठिक भनिस्, यसैलाई भन्छन् हामी कलियुगका केटाहरू । राम्रा चिज र केटीमा कसको आँखा जाँदैन ? बगैंचामा पनि राम्रो फूलमा नै हो आँखा जाने र सबैले प्रशंसा गर्ने । मैले अरू केही भनें ? केवल नम्रता म्याडमको गुण र उनको सुन्दरताको वर्णन गरेको हुँ मैले । तँलाई ईर्ष्या लाग्यो हो ?' केटाले प्रश्न गर्‍यो । 'मलाई किन ईर्ष्या लाग्ने ? न म तेरो गर्लफ्रेन्ड हुँ, न नम्रता म्याडम जस्तै कुनै टिचर । मलाई तँ प्रति दया लाग्यो । मनमा विकृतिको भारी बोकेर बसेको साथीसँग अहिले पनि सँगै यात्रा गर्नु परेकोमा र तेरो साथी हुनु परेकोमा खेद छ ।' केटीले आक्रोश पोखी । 'ल ! यो किन रिसाएकी ? म जिस्केको मात्रै हो । मैले भनेको कुरा यथार्थ हो । हैन भने अरू केटाहरूसँग सोधे भइहाल्छ नि' ! फकाएको स्वरमा केटाले स्पष्टीकरण दिन थाल्यो । उनीहरूको वार्ता चल्दै थियो, बसको कन्डक्टर भाइ भाडा लिन आयो । उनीहरूले आ-आफ्नो भाडा तिरे । यत्तिकैमा बस रोकियो । उनीहरू जुन पछाडिको ढोकाबाट चढेका थिए, त्यही ढोकाबाट ओर्लिए । पुसको मध्य जाडोमा ऊनीको टोपी, गलबन्दी, न्यानो स्विटर आदि लगाएर बसको अघिल्लो सिटमा बसेर मेरो भन्दा दुई सिट पछि बस्ने यी केटा र केटीले गरेको सबै संवाद सुन्ने र उनीहरूले भनेको त्यो बुढो शिक्षक म थिएँ । मलाई उनीहरूले नचिने पनि म भने उनीहरूको स्वरबाट नै यी दुई मेरा विद्यार्थीहरुलाई चिन्थे । मलाई अप्ठ्यारो पर्‍यो । यी दुईको पछिपछि सँगै ओर्लू भने उनीहरूले मलाई चिन्ने डर, नओर्लू भने मेरो पनि गन्तव्य यही हो । म अकमक्क परें । म एकछिन ढिला गरेर सबै यात्रीहरू ओर्ले पछि अगाडीको ढोकाबाट ओर्लें । उनीहरूले भने जस्तै झोला बोकेर अफ्नो गन्तव्य र उनीहरू पनि पढ्ने उही कलेजतर्फ बिस्तारै बिस्तारै लागें । बस स्टपदेखि कलेजसम्म पुग्दै गर्दा यी दुईले गरेको कुराले मेरो मनमा अनेक कुराहरू चल्न थाले । मेरो पाराको बारेमा मलाई नै थाहा थिएन, आज उनीहरूले मेरो आँखा खोलिदिए । पेशा प्रतिको मेरो इमानदारिता, स्थायित्व र पेशागत मर्यादाको बारेमा पनि मैले आज अरूबाट पहिलो पटक केही कुरा सुन्न पाएँ ।

झोले शिक्षकहरूको बाध्यताको बारेमा मलाई राम्रै जानकारी थियो, उनीहरूलाई पनि हाम्रो परिस्थिति बारेमा अवगत रहेछ । यदि मेरो आर्थिक अवस्था सहज हुन्थ्यो भने म आज आफ्नै सवारी साधनमा कलेज जाने आउने गर्थें । किन यो काठमाडौंको पुसको जाडोमा सार्वजनिक सवारी चढ्नु पर्थ्यो । उमेर पुगेपछि कपाल फुल्छ । कपाल फुलेपछि मान्छे बुढो हुन्छ, यो कुरा ठिक हो । तर, कपाल फुलेका सबै विवाहित हुन्छन् भन्ने कुरा भने ठिक हैन । उनीहरूलाई के थाहा ? म अझै अविवाहित हुँ भन्ने कुरा । अविवाहित भए पनि नम्रता म्याडमको बारे उनीहरूले गरेको कुरा सुन्दा भने मेरो मनमा कताकता हलचल भने आएको थियो । भन्छन् नि, आखिर उमेर केवल अंक मात्रै हो । मन हो मान्छेलाई नियन्त्रणमा राख्ने वा नराख्ने । मैले अहिलेसम्म नियन्त्रणमा राखेको मन पनि अति राम्रीको कुरा सुन्दा हलचल भने हुने रहेछ । मेरो उमेर, पेशा, कार्यशैली आदि प्रति यी दुई विद्यार्थीले गरेको टिप्पणी र नम्रता म्याडमको प्रशंसा दुवै मलाई सामान्य लाग्यो । यो शायद मेरो उमेरले गर्दा होला । मनमा लाग्यो, 'सोह्र बर्षे उमेरमा मै पनि झिल्के हुँदो हुँ ।' उनीहरूको ठाउँमा म त्यही उमेरको भएर त्यहाँ बसेको भए मेरो मनमा पनि त्यस्तै कुराहरू आउने थिए होलान् । म उमेर र अनुभवले धेरै अघि बढें । आखिर जीवन एक गति हो, जुन एकतर्फी रूपमा अघि बढ्छ र कहिल्यै पछाडि फर्केर हिँड्दैन । अरूको जस्तै मेरो पनि त्यस्तै हो, म पनि अरू सामान्य मान्छे जस्तै हुँ ।

*-साहित्यपोस्ट डटकम*

कविता

## म कसको मान्छे ?

*-सूर्यनारायण एच पेलिस*

सरकारी कार्यालय धाउँदा-धाउँदा
मेरा जुत्ता फाटेका छन्
कागज जम्मा पार्दा-पार्दै
मेरा झोला फाटेका छन्
मेरो नाम भन्दा भन्दै पनि
मानिसहरु चिन्दैनन्
मेरो इमान हुँदाहुँदै पनि
काम बन्दै बन्दैनन्
मेरा नाममा जग्गा पास हुँदैन
आयोगले सुकुम्बासी मान्दैन
मेरा मान्छे छैनन् रे

मेरा मान्छे हैनन् रे
मैले कुरा बुझिनँ रे
धेरै पढिनँ रे
औंलाहरु सिधा भए रे
निधार मात्र खुम्चियो रे
हुलको हाँसो कटाक्ष गर्छ
सायद त्यसैले होला
लोकतन्त्र बेला बेला मर्छ
आन्दोलनमा होमिने को
चुनावमा झुम्मिने को

बाटो खन्ने को
जमिन खोतल्ने को
हैन भनिदेऊ म कसको मान्छे ?
माटोको कि आकाशको
सरकारको कि बाकसको ?
भनिदेउन शासन गर्नेहरु
म कसको मान्छे ?

*-अनलाइन खबर डटकम*


हार्दिक शुभकामना

नव वर्ष २०८१ सालको शुभ अवसरमा ग्राहकवर्ग, इष्टमित्र, व्यवसायी महानुभाव तथा सम्पूर्ण नेपाली आमाबुबा, दाजुभाई, दिदीबहिनी शुभचिन्तकहरुमा सु-स्वास्थ्य तथा दिर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

हस्त बहादुर सुनार
सचिव

सुमिर कुमार समरखाती
अध्यक्ष

पाल्पा ग्रील आल्मुनियम तथा स्टील व्यवसायी संघ
तानसेन, पाल्पा

हार्दिक शुभकामना

नव वर्ष २०८१ सालको शुभ अवसरमा सेयर सदस्य, कर्मचारी, सेवाग्राही एवं सम्पूर्ण नेपाली आमाबुबा, दाजुभाई, दिदीबहिनी, शुभचिन्तकहरुमा सु-स्वास्थ्य तथा दिर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

गोविन्द ढकाल
शाखा प्रवन्धक

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
ज्योति विकास बैंक लि.
तानसेन, पाल्पा

हार्दिक शुभकामना

नव वर्ष २०८१ सालको शुभ अवसरमा सम्पूर्ण नेपाली आमाबुबा, दाजुभाई, दिदीबहिनी, शुभचिन्तक एवं सम्पूर्ण उद्योगी, व्यवसायीहरुमा सु-स्वास्थ्य तथा दिर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

शैलेन्द्र भट्टराई
अध्यक्ष
पाल्पा उद्योग वाणिज्य संघ परिवार
तानसेन, पाल्पा

नयाँ वर्ष २०८१ को शुभकामना

नयाँ वर्ष २०८१ को शुभ अवसरमा देश विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाई, दिदीबहिनी, इष्टमित्र, ग्राहकवर्ग तथा सम्पूर्ण शुभचिन्तकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो. भीम बहादुर श्रेष्ठ
श्री कृष्ण बेकरिज उद्योग परिवार
तानसेन-७, बाँसटारी पाल्पा


## शिक्षक आवश्यकता

**मिति: २०८०/१२/३०**

प्रस्तुत बिषयमा शिक्षा विकास तथा समन्वय इकाई पाल्पाको मिति २०८०/१२/३० चलानी १२२१ को अनुमति पत्र तथा वि.व्य.स.को मिति २०८०/१२/ २९ को निर्णय अनुसार यस विद्यालयमा रिक्त शिक्षक पदपुर्तिको लागि तपशिलको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिन्छ ।

**तपशिल :**
**विज्ञापन नं.** : ०१/०८०/०८१, **तह** : नि.मा.वि.राहत (गणित)
**पद** : शिक्षक, **संख्या** : १
**शैक्षिक योग्यता** : गणित वा विज्ञान मूल विषय लिई कक्षा १२ उत्तीर्ण वा सो सरह
**उमेर** : १८ वर्ष पुरा भइ ४० वर्ष ननाघेको, **दरखास्त दस्तुर** : रु ७००/-
**तलब भत्ता** : नेपाल सरकारले प्रचलित स्केल अनुसार
**दरखास्त दिने** : २०८०/१२/३० देखि २०८१/०१/१४ गते कार्यालय समयभित्र
**सम्पर्क मिति** : २०८०/०१/१४ गते (कार्यालय समयभित्र)
**परीक्षाको किसिम** : लिखित तथा अर्न्तवार्ता
**परीक्षाको हुने मिति र स्थान** : सम्पर्क मितिमा तोकिने छ ।
**पेश गर्नुपर्ने आवश्यक कागजातहरु** : नेपाली नागरिकताको प्रमाणपत्र शैक्षिक योग्यताका प्रमाण पत्रहरु, निरोगिताको प्रमाण पत्र, अध्यापन अनुमति पत्रका १/१ प्रति प्रतिलिपिहरु ।
माथिल्लो योग्यता र कम्प्युटर सम्बन्धी ज्ञान भएकालाई प्राथमिकता दिइनेछ ।
परीक्षाको दिन सक्कल प्रमाण पत्र उपलब्ध गराउनु पर्ने छ ।
**सम्पर्क नं** : ९८४७२४८७४६, ९८५७०७६६६३

**आदर्श आधारभूत विद्यालय**
तिनाउ-३, ज्यामिरे, पाल्पा


नयाँ वर्ष २०८ ... को शुभकामना

नयाँ वर्ष २०८१ को शु... अवसरमा देश विदेशमा रहनुभएका सम्पूर्ण नेपा... दाजुभाई, दिदीबहिनी, इष्टमित्र, ग्राहकवर्ग तथा स... शुभचिन्तकहरुमा हार्दिक मंगलमय शुभकाम... व्यक्त गर्दछौं ।

प्रो. कमल वि...
आलमदेवी ग्रील एण्ड आल्मुनियम... ले उद्योग परिवार
सिल्खानटोल, तान... पाल्पा

नयाँ वर्ष २०८१ को शुभकामना

नयाँ वर्ष २०८१ को शुभ अवसरमा देश विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाई, दिदीबहिनी, इष्टमित्र, ग्राहकवर्ग तथा सम्पूर्ण शुभचिन्तकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो. डोल बहादुर खाती
सूरजदेव इन्जिनियरिङ वर्कसप परिवार
तानसेन-१, गैरागाउँ, पाल्पा

## हार्दिक शुभकामना

नव वर्ष २०८१ सालको शुभ अवसरमा शिक्षक, अभिभावक, विद्यार्थी, शिक्षासेवी तथा सम्पूर्ण शुभचिन्तकहरूमा सु-स्वास्थ्य तथा दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

गंगा बहादुर खत्री
प्रिन्सिपल

जगदीश भट्टराई
वि.व्य.स. अध्यक्ष

**पाल्पा प्यारागन इङ्गिलिस बोडिङ्ग स्कुल परिवार**
तानसेन, पाल्पा

शैक्षिक सत्र २०८१ का लागि भर्ना खुल्यो !

हाम्रा विशेषताहरु : - नेपाल सरकारसँगको सहकार्यमा ब्रिटिस काउन्सीलद्वारा प्रदान गरिने इन्टरनेशनल स्कूल अवार्ड (ISA) 2020)-2023 प्राप्त ।
- लगनशील तथा दक्ष शिक्षक शिक्षिकाहरुबाट अनुशासित वातावरणमा मनोवैज्ञानिक अवधारणामा आधारित परियोजना कार्यमार्फत अध्ययन अध्यापन ।

## हार्दिक शुभकामना

नव वर्ष २०८१ सालको शुभ अवसरमा शिक्षक, अभिभावक, विद्यार्थी, शिक्षासेवी तथा सम्पूर्ण शुभचिन्तकहरूमा सु-स्वास्थ्य तथा दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

भरत प्रसाद न्यौपाने
प्रबन्धक निर्देशक

झमन बहादुर राज मगर
वि.व्य.स. अध्यक्ष

**वृन्दावन एकाडेमी स्कुल परिवार**
तानसेन, पाल्पा

शैक्षिक सत्र २०८१ का लागि भर्ना खुल्यो !

हाम्रा विशेषताहरु : - विगतका वर्षहरुमा माध्यमिक शिक्षा परीक्षा (SEE) आधारभूत तह परीक्षामा उत्कृष्ट नतिजा दिन सफल ।
- नियमित सञ्चालित हुने अतिरिक्त क्रियाकलापहरुमा उत्कृष्ट प्रदर्शन ।
- पुस्तकालय, विज्ञान प्रयोगशाला, Computer प्रयोगशाला ।

## वर्गिकृत डिस्प्ले

*१ X ५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com


# हार्दिक समवेदना



जन्म
वि.सं. २०२२/०४/१०

स्वर्गारोहण
वि.सं. २०८०/१२/२६

**स्व.सुरेन्द्रमुनी शाक्य**

यस पाल्पा टेक्निकल इन्स्टिच्युट तानसेन पाल्पाको व्यवस्थापन समितिका सदस्य तथा सालिन र सामाजिक व्यक्तित्व **सुरेन्द्रमुनी शाक्य** ज्यूको उपचारको क्रममा भारतको नयाँ दिल्लीमा २०८०/१२/२६ गते ५७ वर्षको उमेरमा भएको अकल्पनिय दुःखद् निधनप्रति हामी इन्स्टिच्युट परिवार अत्यन्त मर्माहत भएका छौं । यस दुःखद् घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै **भावपूर्ण श्रद्धाञ्जली** अर्पण गर्दछौं । साथै शोकाकुल परिवारजनमा धैर्यधारण गर्ने शक्ति ईश्वरले प्रदान गरुन् भन्दै **गहिरो समवेदना** व्यक्त गर्दछौं ।

त्रिलोचन पौड्याल
प्रिन्सिपल

एवं

भेषराज नेपाल
अध्यक्ष व्यवस्थापन समिति

**पाल्पा टेक्निकल ईन्स्टिच्युट परिवार**
तानसेन-२, पाल्पा


## हार्दिक शुभकामना

नव वर्ष २०८१ सालको शुभ अवसरमा शिक्षक, अभिभावक, विद्यार्थी, शिक्षासेवी तथा सम्पूर्ण शुभचिन्तकहरूमा सु-स्वास्थ्य तथा दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

कृष्ण बहादुर थापा
प्र.अ.

उमा अर्याल
वि.व्य.स. अध्यक्ष

**श्री देववाणी संस्कृत तथा साधारण माध्यमिक विद्यालय परिवार**
तानसेन, पाल्पा

## हार्दिक शुभकामना

नयाँ वर्ष २०८१ को शुभ अवसरमा कार्यकारी समिति, उपसमिति, पदाधिकारी लगायत सम्पूर्ण शेयर सदस्यहरु, शुभेच्छुकहरु तथा देश विदेशमा रहनुभएका सम्पूर्ण नेपाली आमाबुवा, दाजुभाई, दिदीबहिनीमा सुख, शान्ति, समृद्धि एवं दिर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रकाश रेग्मी
प्रबन्धक

**श्री पाल्पा रारा बचत तथा ऋण सहकारी संस्था लि. परिवार**
तानसेन, पाल्पा

## हार्दिक शुभकामना

नव वर्ष २०८१ सालको शुभ अवसरमा सेयर सदस्य, कर्मचारी, सेवाग्राही एवं सम्पूर्ण नेपाली आमाबुबा, दाजुभाई, दिदीबहिनी शुभचिन्तकहरुमा सु-स्वास्थ्य तथा दिर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

गुनी रेग्मी
व्यवस्थापक

विष्णु बहादुर गाहा
अध्यक्ष

**श्री गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
तानसेन, पाल्पा

## हार्दिक शुभकामना

नव वर्ष २०८१ सालको शुभ अवसरमा सेयर सदस्य, कर्मचारी, सेवाग्राही एवं सम्पूर्ण नेपाली आमाबुबा, दाजुभाई, दिदीबहिनी, शुभचिन्तकहरुमा सु-स्वास्थ्य तथा दिर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

सुमन वि.क.
व्यवस्थापक

तुल्सी सुर्यवंशी
सचिव

योगेन्द्र कुमार गेरे
अध्यक्ष

**श्री समृद्ध बचत तथा ऋण सहकारी संस्था लि.**
तानसेन, पाल्पा

## हार्दिक शुभकामना

नव वर्ष २०८१ सालको शुभ अवसरमा सेयर सदस्य, कर्मचारी, सेवाग्राही एवं सम्पूर्ण नेपाली आमाबुबा, दाजुभाई, दिदीबहिनी, शुभचिन्तकहरुमा सु-स्वास्थ्य तथा दिर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रकाश सुवेदी
शाखा प्रबन्धक

हिमालयन बैंक लिमिटेड
Himalayan Bank Limited
(A Joint Venture with Habib Bank Limited - Pakistan)

तानसेन, पाल्पा

## हार्दिक शुभकामना

नव वर्ष २०८१ सालको शुभ अवसरमा सेयर सदस्य, कर्मचारी, सेवाग्राही एवं सम्पूर्ण नेपाली आमाबुबा, दाजुभाई, दिदीबहिनी, शुभचिन्तकहरुमा सु-स्वास्थ्य तथा दिर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रकाश कार्की
शाखा प्रबन्धक

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

तानसेन, पाल्पा

## हार्दिक शुभकामना

नव वर्ष २०८१ सालको शुभ अवसरमा सेयर सदस्य, कर्मचारी, सेवाग्राही एवं सम्पूर्ण नेपाली आमाबुबा, दाजुभाई, दिदीबहिनी, शुभचिन्तकहरुमा सु-स्वास्थ्य तथा दिर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

वीर बहादुर सारू
शाखा प्रबन्धक

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.

तानसेन, पाल्पा

## नयाँ वर्ष २०८१ को शुभकामना

नयाँ वर्ष २०८१ को शुभ अवसरमा देश विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाई, दिदीबहिनी, विद्यार्थी, शिक्षक तथा सम्पूर्ण शुभचिन्तकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो. अर्जुन घिमिरे

Creative Computer Consult
साथै Global Opportunities Nepal
द्वारा यही २०८१ वैशाखबाट कसल्टेन्सी सम्बन्धी सम्पूर्ण सेवाहरु सुचारु गरिदैं छ ।
तानसेन, पाल्पा


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई